# आधारभूत मान्यताहरू

## नाजरिनको मण्डली

क्रिश्चियन

पवित्रता

सेवासमर्ण

**जीवित विश्वासः नाजरिनहरू के मा विश्वास गर्छन् ?**

समयको आरोह र अवरोहलाई भेल्दै आएको प्रत्येक संगठन उद्देश्य, विश्वास र मान्यताहरूको गहिरो तालमेलको जगमाथि बसालिएको हुन्छ । नाजरिनको मण्डली पनि यसरी नै बसालिएको छ । यो मण्डली धर्मशास्त्रीय पवित्रता फैलाउँदै संसारलाई परिवर्तन गर्न स्थापित भएको थियो । यो एकै समयमा एउटा ईश्वरीय काममा नियुक्त भएको र पवित्र दुवै किसिमको मण्डली हो । हाम्रो सेवकाई "संसारका सबै जातिहरूलाई खीष्टको रुपसमान चेलाहरू बनाउनु" हो ।

नाजरिनको मण्डलीको वर्तमान र भविष्य परमेश्वरको उद्देश्यमा सहभागिताद्वारा परिभाषित छ । यसकारण यो येशू खीष्टको प्रकटन हो । साथै यसले जे विश्वास गर्दछ त्यसले मात्र नभएर परमेश्वरको राज्य फैलाउन यसले कसरी असाधारण रुपमा योगदान पुऱ्याउँदै गइरहेको छ, सो कारणले पनि यो संगठन अरू भन्दा पृथक बनेको छ ।

यस नयाँ सहस्राब्दीका सुरुका वर्षहरूमा हामीले आनन्दपूर्वक अंगालेका र मानेका ती पृथक विशेषताहरूसँग तादात्म्य गर्नु नाजरिन मण्डलीको निम्ति उपयुक्त हुन्छ । हाम्रा अति बहुमुल्य भण्डार, अर्थात हाम्रा सेवकाई, बोलावट, विश्वास र उच्च मान्यताहरूलाई हामी आउँदा पुस्ताहरूको लागि वरदानको रुपमा उद्धारतापूर्वक अर्पण गर्छौं ।

हामी प्रार्थना गर्छौं, ज्योति र अगाडि तेर्सिएका दशकौं देखिका अन्धकार हुँदो आफ्नो यात्रा तय गर्नुपर्नेहरूका लागि हाम्रा आधारभूत मान्यताहरूले एउटा डोऱ्याउने ज्योति भई निरन्तर सेवा गर्नेछ ।

# आधारभूत मान्यताहरू

## १. हामी क्रिश्चियनहरू हौं

विश्वव्यापी मण्डलीका सदस्यहरू भएकाले हामी येशू ख्रीष्टको प्रभुत्व घोषणा गर्न र क्रिश्चियन विश्वासको ऐतिहासिक त्रयात्मक सैदान्तिक कथनहरू अंगाल्न सबै सच्चा विश्वसीहरूसँग एक हुन्छौं । हामी वेस्लीयन पवित्रताको पैतृक सम्पतिलाई कदर गर्छौं । हामी धर्मशास्त्र, विवेक, परम्परा र अनुभवप्रति सत्य रहेको विश्वासलाई सम्झने यो नै बाटो हुनुपर्नेमा विश्वास गर्छौं ।

## २. हामी पवित्रजन हौं

परमेश्वर पवित्रताको जीवन जिउन हामीलाई बोलाउनुहुन्छ । किनकि उहाँ आफैं पवित्र हुनुहुन्छ । हाम्रो विश्वास छ, पवित्र आत्मा हामी भित्र अनुग्रहको दोस्रो काम गर्न खोज्नुहुन्छ । यसलाई "सम्पूर्ण पवित्रकरण" र "पवित्र आत्मामा बप्तिस्मा लिनु" लगायत विभिन्न शव्दावलीमा व्यक्त गरिएको छ । उहाँले हामीलाई सारा पापबाट चोख्याउनु हुन्छ, परमेश्वरको स्वरुपमा हामी भित्र पूर्ण नविकरण गर्नुहुन्छ, हाम्रो समस्त हृदय, प्राण, मन र बलले परमेश्वरलाई प्रेम गर्न र हाम्रा छिमेकीलाई आफैंलाई झैं प्रेम गर्न हामीलाई शक्ति दिनु हुन्छ र हामी भित्र ख्रीष्टको स्वभाव उत्पन्न गराउनु हुन्छ । विश्वासीहरूका जीवनमा पवित्रतालाई खासगरी ख्रीष्टको स्वरुपमा हुनु भनी स्पष्टसँग बुझिन्छ ।

## ३. हामी सेवामा समर्पित मानिसहरू हौं

हामी "पठाइएका मानिसहरू" हौं । यसकारण हामी ख्रीष्टको बोलावटमा प्रतिकृया जनाउँछौं र सारा संसारमा जान पवित्र आत्माबाट शक्ति प्राप्त गर्छौं । हामी ख्रीष्टको प्रभुत्वको साक्षी दिन्छौं र मण्डलीको निर्माण र उहाँको राज्य बढाउन काम गर्छौं (२ कोरिन्थी ६:१) । हाम्रो मिसन १. आराधना गर्न, २. प्रचार र दयामा संस्कार र सेवा गर्न, ३. चेलापनद्वारा क्रिश्चियन परिपक्वतातर्फ वृद्धि हुन विश्वासीहरूलाई प्रोत्साहन दिन र ४. क्रिश्चियन उच्च शिक्षाद्वारा क्रिश्चियन सेवामा समर्पित हुन मानिसहरूलाई तयार पार्नमा हुन्छ ।

# रचनाहरू

## १. हामी क्रिश्चियनजनहरू हौं

हामी येशू ख्रीष्टको प्रभुत्व घोषणा गर्ने काममा सारा विश्वासीहरूसँग एक भएका छौं । हामी विश्वास गर्छौं, ईश्वरीय प्रेममा परमेश्वरले सबै मानिसहरूलाई पापहरूको क्षमादान र पुनर्स्थापित सम्बन्ध दिनुहुन्छ । हाम्रो विश्वास छ, परमेश्वरसँग मिलाप हुँदा हामी एक अर्कासँग पनि मिलापमा हुन्छौं । हामी एक अर्कालाई यसरी प्रेम गर्छौं जसरी परमेश्वरले हामीलाई प्रेम गर्नुभएको छ र एउटाले अर्कालाई क्षमा गर्छौं जसरी परमेश्वरले हामीलाई क्षमा गर्नुभएको छ । एकतामा भएको हाम्रो जीवनले ख्रीष्टको जीवनको उदाहरण बनी देखाउनु पर्छ भनी हामी विश्वास गर्छौं । क्रिश्चियन विश्वासका ऐतिहासिक त्रयात्मक सिद्धान्तहरू र आधारहरूलाई पुष्टि गर्न प्रत्येक ठाउँका क्रिश्चियनहरूसँग हामी एकसाथ खडा हुन्छौं । साथै वेस्लीयन पवित्रताको परम्परामा हाम्रो पैतृक सम्पतिलाई हृदयदेखि कदर गर्छौं । धर्मशास्त्रलाई विवेक, परम्परा र अनुभवले पुष्टि गरेको आत्मिक सत्यताको प्राथमिक स्रोतको रुपमा हामी मान्दछौं ।

परमेश्वरका सबै मानिसहरूसँग हामी येशू ख्रीष्ट प्रभुलाई स्वीकार गर्छौं र प्रशंसा गर्छौं । येशू ख्रीष्ट मण्डलीको प्रभु हुनुहुन्छ जुन प्रेरितीय सिद्धान्तले हामीलाई भने अनुसार एउटै पवित्र, विश्वव्यापी र प्रेरितीय छ । येशू ख्रीष्टमा पवित्र आत्माद्वारा परमेश्वर पिताले पापको क्षमा दिनुहुन्छ र सारा संसारलाई मिलापमा ल्याउनु हुन्छ । विश्वासमा परमेश्वरको वोलावटमा प्रतिक्रिया जनाउनेहरू परमेश्वरको प्रजा हुन्छन् । ख्रीष्टमा क्षमा पाएर र मिलापमा आएर हामी एउटाले अर्कालाई क्षमा गर्छौं र एक अर्कामा मिलापमा हुन्छौं । यसरी हामी ख्रीष्टको मण्डली र हामीसँग "एउटै प्रभु र एउटै विश्वास र एउटै बप्तिस्मा" छ । हामी ख्रीष्टको मण्डलीको एकताको पुष्टि गर्छौं र सबै कुरामा यो एकता कायम राख्ने प्रयत्न गर्छौं (एफिसी ४:५,३) ।

येशू ख्रीष्ट पवित्र प्रभु हुनुहुन्छ । यसैकारण ख्रीष्टको मण्डली एउटै मात्र छैन तर पवित्र पनि छ । यो आफ्ना अंगहरूमा र आफ्नो समग्रतामा पवित्र हुनुपर्छ, आफ्ना अंगहरूमा त्यसरी नै पवित्र हुनुपर्छ जसरी यो आफ्नो शिरमा पवित्र छ । मण्डली पवित्र र पवित्र हुन बोलाइएको दुवै छ । यो पवित्र छ किनकि यो ख्रीष्टको शरीर हो । उहाँ हाम्रा खातिर धार्मिक र पवित्रता हुनुभएको छ । परमेश्वरले पवित्र बन्न बोलाउनु भएको छ । हामी पवित्र र निष्खोट हुनुपर्छ भनेर उहाँले हामीलाई सृष्टि हुन अघिबाटै चुन्नुभयो । ख्रीष्टको एउटै शरीर भएकाले मण्डलीको रूपमा हाम्रो जीवनले एकसाथ ख्रीष्टको स्वभाव लिनुपर्छ । उहाँले आफैंलाई रित्याएर दासझैं हुनुभयो । बोलावट र वरदान दुवैरूपमा ख्रीष्टको मण्डलीको पवित्रतालाई किटानसाथ हामी घोषणा गर्छौं ।

येशू ख्रीष्ट मण्डलीको प्रभु हुनुहुन्छ । यसकारण मण्डली एउटै र पवित्र मात्र छैन तर विश्वव्यापी पनि छ । क्रिश्चियन विश्वासका अनिवार्य विश्वासहरूलाई पुष्टि गर्ने सबैलाई यसले आफूमा समेट्दछ । प्रत्येक ठाउँ र सबै समयमा सारा क्रिश्चियनहरूले पक्रेका प्रेरितीय विश्वासलाई हामी समर्थन गर्छौं । हामी जोन वेस्लीको विश्वव्यापी आत्माको धारणालाई अंगाल्छौं । यसैं धारणाद्वारा हामी धर्मशास्त्रको महत्वपूर्ण केन्दविन्दुलाई समर्थन गर्ने जति

सबैसँग संगतिमा छौं । साथै हामी मुक्तिको लागि अनावश्यक कुराहरूमा हामीसँग असहमत हुनेहरूसँग उद्धार र सहिष्णु छौं ।

येशू ख्रीष्ट धर्मशास्त्रको प्रभु हुनुहुन्छ । यसैकारण मण्डली एउटै,पवित्र र व्यापक मात्र छैन तर प्रेरितीय पनि छ । प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि यसको निर्माण भएको छ र आफूलाई प्रेरितहरूको शिक्षामा सदैव अर्पित गर्छ । मण्डली धर्मग्रन्थहरूलाई विशेषरूपमा हेर्दछ किनकि ती मात्र मण्डलीको विश्वास र जीवनको मानदण्ड हुन् । धर्मशास्त्रमाथि येशूको प्रभुत्वको अर्थ हो, हामीले धर्मशास्त्रलाई पवित्र आत्माको साक्षीले बुझ्नुपर्दछ जसरी तिनले येशूको गवाही दिन्छन् । धर्मशास्त्रको हाम्रो समझ पुष्टि गर्न र सच्याउन हामी धर्मशास्त्रको भरपर्दो किसिमले व्याख्या गर्ने प्राचीन सिद्धान्तहरू र क्रिश्चियन परम्पराका अन्य आवाजहरूलाई सम्मान गर्छौं र ध्यान दिएर सुन्छौं । हामी पवित्र धर्मशास्त्रको हाम्रो समझलाई पश्चाताप, विश्वास र दृढ भरोसामा हामीसँग बोलिरहनुहुने पवित्र आत्माको सोरले निर्देशित हुन पनि दिन्छौं । अन्त्यमा हामी येशू ख्रीष्टको साक्षीको तर्कसंगति र सुसंगतिलाई खोज्दै धर्मशास्त्रको हाम्रो समझको जाँच गर्दछौं ।

वेस्लीयन पवित्रताको परम्परालाई ग्रहण गर्ने ख्रीष्टको मण्डलीको पवित्रताको साक्षी दिन हामी विशेष रुपमा बोलाइएका छौं । हामी येशू ख्रीष्ट हाम्रा मुक्तिदातामा विश्वासद्वारा अनुग्रहले मात्र मुक्तिका सिद्धान्तहरू निश्चयताकासाथ पुष्टि गर्छौं । यसो गरेर हामी ख्रीष्टको मण्डली एउटै, व्यापक र प्रेरितीय छ भनी नित्य पुष्टि गर्छौं । तर हाम्रो विशेष बोलावट संसार र मण्डलीका नजरका सामु पवित्रताको मुख्य कुरो र पिताको पवित्र प्रेमको पूर्णतामा जिउन परमेश्वरका जनलाई प्रेरित गर्न हो । यसकारण हामी क्रिश्चियन विश्वासको वेस्लीयन पवित्रताको समझलाई समर्थन गर्छौं र यसका प्रमुख शिक्षाहरूप्रति विश्वसनीय हुन खोज्दछौं । यसका शिक्षाहरू यी हुन-परमेश्वरको अग्रगामी अनुग्रह र अनुग्रहको उपाय, पश्चाताप, विश्वास, नयाँ जन्म, धार्मिकता, दृढ भरोसा, क्रिश्चियन समुदाय र यसका साधनहरू र प्रेमको सिद्धता ।

## २. हामी पवित्रजन हौं

हामी धर्मशास्त्रद्वारा बोलाइएका छौं र परमेश्वरको आराधना गर्न, हाम्रो समस्त हृदय, प्राण, मन र बलले उहाँलाई प्रेम गर्न र हाम्रा छिमेकीहरूलाई आफैंलाई झैं प्रेम गर्न अनुग्रहबाट खिचिएका छौं । यस कामको लागि हामी दोस्रो संकटपूर्ण अनुभवको रूपमा “पूर्ण पवित्र” हुन सक्छौं भन्ने विश्वास गर्दै आफू-आफूलाई परमेश्वरप्रति पूर्ण प्रतिबद्ध गराउँछौं । हामी विश्वास गर्छौं जसै परमेश्वरको अनुग्रहले प्रेम र आत्मिक संयम, नैतिक शुद्धता, दया र न्यायका मानिसहरूमा हामीलाई दिनप्रतिदिन परिवर्तन गर्छ, पवित्र आत्माले हाम्रो दोष सावित गर्नुहुन्छ, हामीलाई चोख्याउनु हुन्छ, भर्नुहुन्छ र शक्ति दिनुहुन्छ । पवित्र आत्माको कामले नै हामीलाई परमेश्वरको स्वरूपमा पुनर्स्थापित गर्छ र हामीमा ख्रीष्टको स्वभाव उत्पन्न गर्छ । विश्वासीहरूको जीवनमा पवित्रतालाई ख्रीष्टको स्वरूपको रूपमा अति प्रष्टसँग बुझिन्छ ।

हामी परमेश्वर पिता, सृष्टिकर्तामा विश्वास गर्छौं । उहाँ जे छैन त्यही हुन बोलाउनु हुन्छ । हामी एकपल्ट अस्तित्वमा थिएनौं । तर परमेश्वरले हामीलाई अस्तित्वमा हुनको लागि बोलाउनु भयो, आफ्नै निम्ति हामीलाई सृजनु भयो र उहाँको आफ्नै स्वरूपमा हामीलाई सृष्टि गर्नुभयो । हामी परमेश्वरको स्वरूप धारण गर्न नियुक्त गरिएका छौं, "म परम्प्रभु तिमीहरूका परमेश्वर हुँ । तिमीहरू आफूलाई अर्पण गरेर पवित्र होओ किनकि म पवित्र छु" (लेवी ११:४४) ।

पवित्र प्रजा हुने हाम्रो भोकले परमेश्वर स्वयंको पवित्रतामा जरा गाडेको छ । परमेश्वरको पवित्रताले उहाँको ईश्वरीयता, उहाँ एक्लो र सिङगो व्यक्तित्व हुनुको पूर्ण विशिष्टतालाई जनाउँछ । प्रताप र महिमामा उहाँ जस्तै अर्को कोही छैन । यस्तो गौरवशाली प्रभुको उपस्थितिमा उपयुक्त प्रतिकृया जनाउनु भनेको परमेश्वरलाई परमेश्वरकै रूपमा आराधना गर्नु हो । परमेश्वरको पवित्रता उहाँका अनुग्रहित उद्धारका कामहरूमा प्रकट हुन्छ । आफूलाई प्रकट गर्नुहुने र दिनुहुने परमेश्वरसँगको साक्षात्कारले आराधना संभव तुल्याउँछ । अनि उहाँलाई चिन्ने प्राथमिक उपाय 'उपासना' बन्छ । हामी उहाँ जेलाई प्रेम गर्नुहुन्छ सोहीलाई प्रेम गर्दै पवित्र र उद्धार गर्नुहुने परमेश्वरको आराधना गर्छौं । महान् र महिमित परमेश्वरको हाम्रो आराधनाले धेरै रूपहरू धारण गर्छ । प्रायः यो विश्वासीहरूको समुदायसँग गरिने प्रशंसा र प्रार्थना हुन्छ । यसले आफूलाई निजी भक्ति र धन्यवादज्ञापन, प्रशंसा र आज्ञाकारिताका कामहरूमा पनि प्रकट गर्छ । विश्वासको प्रचारात्मक बाँडचुँड, आफ्ना छिमेकीप्रति दया, न्यायको निम्ति काम र नैत्तिक उच्चता सबै प्रज्वलित पवित्रताको हाम्रा परमेश्वरको सामु आराधनाका कामहरू हुन् । जीवनका सानातिना कामहरू समेत आराधनाका कामहरू हुन्छन् र पवित्र परमेश्वरको उपासना जीवनको हाम्रो ढाँचा बनेपछि तिनले सांस्कारिक महत्व लिन्छन् ।

येशू ख्रीष्टले हाम्रा लागि एक मात्र पवित्र परमेश्वर प्रकट गर्नुभयो । उहाँले हाम्रा निम्ति आराधनाको पवित्र जीवनको नमूना प्रस्तुत गर्नुभयो । येशू आफ्नो जीवन, वलिदान र सुसमाचारमा भेट्टाइने शिक्षाहरू खासगरी डाँडाको उपदेशद्वारा पवित्रताको हाम्रो समझमा वृद्धि गर्नुहुन्छ । पवित्रजन भएका कारणले हामी प्रत्येक विचार र काममा येशूझैं हुन खोज्दछौं । ख्रीष्टले जिउनुभएको जीवन जस्तै आफ्ना सारा हृदयले उहाँको आराधना गर्ने विश्वासीहरूलाई उहाँको अनुग्रहद्वारा परमेश्वरले शक्ति दिनुहुन्छ । यसरी हामी पवित्रताको सार हुनुपर्ने बुझ्दछौं ।

परमेश्वरले हामीलाई चयनको वरदान र जिम्मेवारी पनि दिनुभएको छ । हामी पापप्रतिको झुकाउसहित जन्मेका थियौं । यसकारण हामी परमेश्वरको बाटो भन्दा हाम्रा आ-आफ्नै बाटोतिर लाग्ने गरेका छौं (यशैया ५३:६) । हाम्रा परमेश्वरको सृष्टिलाई भ्रष्ट तुल्याएर हामी अपराध र पापहरूद्वारा मरेका छौं (एफिसी २:१) । हामी आत्मिक रूपमा फेरि जिउने हो भने, जेको अस्तित्व छैन त्यही हुन बोलाउनु हुने परमेश्वरले उहाँका आफ्ना पुत्रको उद्धारको कामले हामीलाई अनुग्रहमा नयाँ गरी सृष्टि गर्नुपर्दछ ।

हामी विश्वास गर्दछौं, परमेश्वरले एक मात्र पुत्र नासरतका येशू, ऐतिहासिक परमेश्वर मानिसको अवतारद्वारा हाम्रो संसारमा असाधारण रूपमा प्रवेश गर्नुभयो । येशू हामीलाई पवित्र मानिस बन्ने योग्यता दिँदै हामीभित्र परमेश्वरको नविकरण गर्न आउनुभयो । हाम्रो विश्वास छ,

विश्वासीको जीवनमा आउने पवित्रता एउटा संकटपूर्ण अनुभव र जीवनभरिको प्रकृया दुवैको परिणाम हो । पुनर्जीवनपछि हाम्रा प्रभुका आत्माले उहाँप्रति हाम्रो जीवनको पूर्ण अर्पणको निम्ति अनुग्रहद्वारा हामीलाई खिँच्नुहुन्छ । त्यसपछि पवित्र आत्मामा बप्तिस्मा भनिने सम्पूर्ण पवित्रीकरणको ईश्वरीय काममा उहाँले हामीलाई हामीमा सुरुदेखि रहेको पापबाट शुद्ध पार्नुहुन्छ र उहाँको पवित्र उपस्थितिद्वारा हामीभित्र बास गर्नुहुन्छ । उहाँ हामीलाई प्रेममा सिद्ध पार्नुहुन्छ, नैत्तिक उच्चतामा जिउन सफल तुल्याउनु हुन्छ र सेवा गर्न हामीलाई शक्ति दिनुहुन्छ ।

येशूको आत्माले पवित्र प्रेमको उहाँको आफ्नै स्वभाव हामीमा नयाँ गरी जन्माउन हामीभित्र काम गर्नुहुन्छ । उहाँले "परमेश्वरको स्वरूपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण" गर्न हामीलाई शक्ति दिनुहुन्छ (एफिसी ४:२४) । परमेश्वरको स्वरूप हुनु येशूको स्वरूप हुनु हो । परमेश्वरको पूर्ण पवित्रकरणको कामद्वारा हामीमा ईश्वरीय स्वरूप पुनर्स्थापित भएपछि हामी अझै आत्मिक परिपक्वतामा पुगिनसकेका स्वीकार गर्छौं । हाम्रो जीवनभरिको लक्ष्य प्रत्येक वचन, विचार र काममा खीष्टझैं हुनु हो । हरेक दिनको अर्पण, आज्ञाकारिता र विश्वासले हामी "एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदै" गइरहेका छौं भनी विश्वास गर्छौं (२ कोरिन्थी ३:१८) । आत्मिक साधना, संगति र स्थानीय मण्डलीको उत्तरदायित्व ग्रहण गर्नु लगायत अरू धेरै किसिमका प्रकटित आराधनाको जीवन जिउन लागेपछि हामी यस प्रकृयामा अझ बढी सहभागी हुन्छौं । एउटा विशेष मण्डलीमा विश्वासीहरूको एउटा शरीरको रूपमा हामी खीष्टको रूपसमानको समुदाय हुन भरमग्दुर प्रयत्न गर्छौं । हामी हाम्रा समस्त हृदयले परमेश्वरको आराधना गर्छौं र प्रेम र पवित्रता, शक्ति र दयाका उहाँका वरदानहरू ग्रहण गर्छौं ।

पवित्रजनको रूपमा हामी ऐतिहासिक र मण्डलीय शून्यतामा जिउँदैनौं । हामी नयाँ करार र सुरुका मण्डलीसँग तादात्म्य गर्छौं । विश्वासको हाम्रो विशेषताले हामीलाई प्रष्टसँग प्राचीन र उत्कृष्ट क्रिश्चियन धर्मको परम्परामा राख्छ । हामी सित्तैको अनुग्रहको आर्मिनियन परम्परा (येशू सबैका खातिर मर्नुभयो) र मानव स्वतन्त्रता, अर्थात परमेश्वर र मुक्तिको चयन गर्न परमेश्वरले सबैलाई दिनुभएको क्षमतासँग तादात्म्य गर्छौं । हामी अठारौं शताब्दीको वेस्लीयन जागृति र उन्नाइसौं र बीसौं शताब्दीहरूको पवित्रताको आन्दोलनमा हाम्रो मण्डलीय पैतृक सम्पतिलाई पहिचान पनि गर्छौं ।

शताब्दीऔंदेखि पवित्र मानिसहरूको येशूसँग "तेजस्वी मोह" रहँदै आएको छ । हामी येशूको आराधना गर्छौं । हामी येशूलाई प्रेम गर्छौं । हामी येशूका बारेमा विचार गर्छौं । हामी येशूको सन्दर्भमा कुरा गर्छौं । हामी येशूको जीवन जिउँछौं । हाम्रा निम्ति पवित्रताको सार र छचल्क्याई यही नै हो । यसैंले पवित्र मानिसहरूको लक्ष्यण देखाउँछ ।

## ३. हामी सेवामा समर्पित मानिसहरू हौं

### ३. क. आराधनाको हाम्रो सेवकाई

संसारमा मण्डलीको सेवकाई आराधनामा सुरु हुन्छ । यो भनेको हामी आराधनामा परमेश्वरका सामुन्ने एकसाथ भेला हुनु हो । यसो गरेपछि परमेश्वरका प्रजाहुनुको अर्थ हामी धेरै स्पष्ट बुझ्दछौं । आराधनामा गाउनु, सबैका सामुन्ने पढिएको बाइबल सुन्नु, हाम्रा दशांश र भेटिहरू चढाउनु, प्रार्थना गर्नु, प्रचार गरिएको वचन सुन्नु, बप्तिस्मा लिनु र प्रभुभोजमा सहभागी हुनु सम्मिलित छन् । संसारमा परमेश्वरको काम आराधना गरिरहेका मण्डलीहरूद्वारा प्राथमिक रूपमा पूरा भएको छ भनी हामी विश्वास गर्छौं । हाम्रो यस विश्वासले हाम्रो सेवकाईमा मण्डलीको संगतिमा नयाँ विश्वासीहरू ल्याउनु र नयाँ आराधना मण्डलीहरू संगठित गर्नु समेटिएको छ भन्ने बुझ्न हामीलाई लगाउँछ ।

आराधना परमेश्वरको निम्ति हाम्रो प्रेमको श्रेष्ठ प्रकटन हो । यो अनुग्रह र कृपामा हामीलाई उद्धार गर्नुहुनेलाई आदर गर्दै परमेश्वरको उपासना गर्ने काम हो । आराधनाको लागि पहिलो अवस्था स्थानीय मण्डली हो । यहाँ परमेश्वरका जनहरू स्वार्थ र आत्म गौरवको लागि नभई आत्म समर्पण र आत्म-वलिदानको लागि भेला हुन्छन् । आराधना परमेश्वरको आज्ञाकारितामा उहाँलाई सेवा र प्रेम गर्दैरहेको मण्डली हो ।

आराधना परमेश्वरका प्रजाको पहिलो विशेष अधिकार र जिम्मेवारी हो । यो उहाँ को हुनुहुन्छ,उहाँले के गर्नुभएको छ र उहाँ के गर्ने प्रतिज्ञा गर्नुहुन्छ सोको घोषणा र उत्सवपूर्ण प्रतिकृयामा परमेश्वरका सामुन्ने करारले बाँधिएका समुदायको भेला हो ।

आराधनामा निहित स्थानीय मण्डली हाम्रो पहिचानको आधार हो । वास्तवमा, नाजरिनको मण्डली आराधना गरिरहेका स्थानीय भक्तगणहरू हुन् र यसमा स्थानीय भक्तगणद्वारा हाम्रो सेवकाई परिपूर्ण हुन्छ । मण्डलीको सेवकाईले हाम्रो आराधनामा आफ्नो अर्थ र दिशा भेटाउँछ । वचनको प्रचारमा, विधि विधानको अनुष्ठान, धर्मशास्त्रको शिक्षा, भजन गायन र सामूहिक गान, सामूहिक प्रार्थना, हाम्रा दशांश र भेटी चढाउनुमा परमेश्वरका जन हुनुको अर्थ के हो हामी प्रष्टसँग बुझ्दछौं । उद्धारको काममा परमेश्वरसँग सहभागी हुनुको अर्थ के हो हामी आराधनामा राम्रोसँग जान्दछौं ।

आराधनाको हाम्रो सेवकाई हाम्रो मण्डलीको निम्ति जग हो । नाजरिनको मण्डली वास्तवमा आराधना गरिरहेका स्थानीय मण्डलीहरू भएकाले आराधनाको हाम्रो सेवकाईमा नयाँ मण्डलीहरू सुरु गर्ने एउटा नित्यको प्रतिबद्धता समेटिएको छ ।

## ३. ख. दया र प्रचारको हाम्रो सेवकाई

परमेश्वरमा समर्पित मानिसहरूका नाताले हामी हराएकाहरूमा उहाँको प्रेम र गरीब र चुँडिएकाहरूमाझ उहाँको दया बाँड्छौं । ईश्वरीय आज्ञा र ईश्वरीय कामले संसारभर दया, र न्यायको काम गर्न हामीलाई अघि बढाउँछ । यो काम पूरा गर्न हामी मानिसहरूलाई विश्वासमा निम्त्याउन, खाँचोमा परेकाहरूलाई हेरचाह गर्न, अन्याय विरुद्ध र थिचोमिचोमा परेकाहरूसँग खडा हुन, परमेश्वरको सृष्टिको स्रोतहरूको सुरक्षा र देखरेख गर्न र प्रभुको नाउँमा बोलाइएका जति सबैलाई हाम्रो संगतिमा सहभागी गराउन प्रतिबद्ध छौं ।

संसारमा आफ्नो सेवकाईबाट मण्डलीले परमेश्वरको प्रेम प्रदर्शन गर्छ । बाइबलको कथा ख्रीष्ट येशूद्वारा आफूसँग संसारलाई मिलापमा ल्याउनुहुने परमेश्वरको कथा हो (२ कोरिन्थी ५:१६-२१) । मण्डलीको प्रेमको यस सेवकाईमा परमेश्वरसँग सहभागी हुन र प्रचार, करुणा र न्यायद्वारा मिलापमा आउन संसारमा पठाइएको हो । ईश्वरीय कार्य र ईश्वरीय आज्ञा दुवै हाम्रो सेवकाईको बुझाईका केन्द्रविन्दु हुन् । ती एउटै सेवकाईका दुई अभिव्यक्तिहरू, एउटै सुसमाचारको दुई पक्षहरू हुन् । “परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नू” (मत्ती २२:३७, ३९) भनी हामीलाई आदेश दिनुहुने येशूले हामीसँग यसो पनि भन्नुभएको छ “जाओ र सबै देशका मानिसहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ” (मत्ती २८:१९-२०) ।

संसारमा मण्डलीको सेवकाई सम्पूर्ण मानव जातिमा विस्तारित हुन्छ । किनकि परमेश्वरको स्वरूपमा सृष्टि गरिएका सबै मानिसहरू बराबर छन् । परमेश्वरले मानिसहरूलाई जसरी प्रेम र कदर गर्नुभयो, त्यसरी नै तिनीहरूलाई प्रेम र आदर गर्नु हाम्रो सेवकाईको उद्देश्य हो । परमेश्वर ख्रीष्टद्वारा मानिसहरूलाई शान्ति, न्याय र पापबाट मुक्तिमा ल्याउनुहुन्छ । खाँचोमा परेकाहरूमाथि दया गर्नु र तिनीहरूको हेरचाह गर्नु नै हाम्रो सेवकाई हो । मानिसहरूलाई होच्याउने र शक्तिहीन तुल्याउने सामाजिक प्राणी र नीतिहरूको विरोध गर्नु हाम्रो सेवकाई हो ।

मण्डलीको सेवकाई सम्पूर्ण व्यक्तिमा विस्तारित हुन्छ । परमेश्वरले हामीलाई पूर्ण व्यक्तिको रूपमा सृष्टि गर्नु भएको हो । अब हाम्रो उद्देश्य पूर्ण मानिस अर्थात शरीर, प्राण र आत्माका रूपमा मानिसहरूका लागि परमेश्वरको प्रेमको सेवकहरू हुनु हो । प्रचार, दया र न्यायको हाम्रो सेवकाई एउटै अखण्डित सेवकाई हो । हामी मानिसहरूलाई तिनका शारीरिक,भावनात्मक र आत्मिक खाँचोमा बाँध्दछौं ।

संसारमा मण्डलीको सेवकाई सम्पूर्ण मानवमा विस्तारित हुन्छ । किनभने येशू ख्रीष्ट उहाँको नाउँमा बोलाइएका सबैलाई बचाउन संसारमा आउनु भएको हो । परमेश्वरका प्रजाका नाताले सुन्ने जति सबैसँग सुसमाचारको असल समाचार बाँड्नु हाम्रो सौभाग्य र जिम्मेवारी हो । चाहे सार्वजनिक सेवाहरूमा होस् वा एक अर्कालाई दिइने व्यक्तिगत साक्षीमा होस्, हाम्रो

उत्कट अभिलाषा येशू ख्रीष्टमा विश्वास गर्न मानिसहरूलाई निम्त्याउने प्रत्येक मौकाको फाइदा उठाउनु हो ।

संसारमा मण्डलीको सेवकाई सबै मानिसहरूमा फैलिन्छ किनकि पेन्तिकोसको दिनमा पवित्र आत्मा सबै मानिसहरूमाथि खन्याइनुभएको थियो (प्रेरित २) । संसारका प्रत्येक मानिसलाई येशू ख्रीष्टद्वारा मुक्तिको सुसमाचार सुनाउनु हाम्रो सेवकाई हो । राज्यको घोषणा गर्दै र मण्डलीको निर्माणमा परमेश्वरसँग सहभागी हुँदै संसारमा जान हामीले पवित्र आत्माबाट शक्ति पाएका छौं ।

आशा र कल्याणको आत्माले हामी संसारमा हाम्रो परमेश्वर प्रदत्त सेवकाईमा एकाग्र हुन्छौं । यो मानव सुर्ता वा मानव प्रयत्नको प्रकटन भन्दा बढी हो । हाम्रो सेवकाई परमेश्वरको बोलावटप्रति जनाइएको प्रतिकृया हो । यो मिलापको राज्यको सेवकाईमा परमेश्वरसँग हाम्रो संलग्नता हो । यो संसारमा अर्थात प्रचार, दया र न्यायमा परमेश्वरको प्रेमको अभिव्यक्तिप्रति मण्डलीको भरपर्दो साक्षी हो । यो पापद्वारा चुँडिएका मानिसहरूको जीवन परिवर्तन गर्ने र उहाँको स्वरूपमा तिनीहरूलाई पुनर्स्थापित गर्ने परमेश्वरको अनुग्रहको सामर्थ्यमाथि हाम्रो विश्वास हो ।

### ३. ग. चेलापनको हाम्रो सेवकाई

हामी येशूका चेला बन्न र अरूलाई चेला बन्नको लागि निम्त्याउन संकल्पित छौं । यो संकल्प मनमा राखेर हामी साधनहरू (सण्डे स्कूल, बाइबलको अध्ययन, ससाना उत्तरदायी टोलीहरू आदि) जुटाउन कटिबद्ध हुन्छौं जसद्वारा विश्वासीहरू उनीहरूका क्रिश्चियन विश्वासको समझ र परमेश्वर र एक अर्कासँगका उनीहरूको सम्बन्धमा वृद्धि हुन प्रोत्साहित हुन्छन । चेलापनमा परमेश्वरको आज्ञापालन र विश्वासका साधनहरूमा आफूलाई समर्पित गर्नुपर्दछ भनी हामीले बुझेका छौं । हामी विश्वास गर्छौं, पारस्परिक सहयोग, क्रिश्चियन संगति र प्रेममय जिम्मेवारीपनमा जीवन जिउन हामीले एक अर्कालाई सहयोग गर्नुपर्दछ । वेस्लीले भनेका छन्, "एक अर्काको हात बलियो पार्न परमेश्वरले हामीलाई एक अर्काको साथ दिनुभएको छ । क्रिश्चियन चेलापन जीवनको एउटा बाटो हो । हामी संसारमा जसरी जिऔं भन्ने परमेश्वर इच्छा गर्नुहुन्छ, त्यो सिक्ने प्रकृया चेलापन हो । हामी परमेश्वरको वचनको आज्ञाकारितामा विश्वासको साधनाप्रति अर्पित हुँदै एउटाले अर्काप्रति उत्तरदायित्यमा जिउन सिक्छौं । चेलापन विधि-विधानहरूप्रति अर्पित मानव प्रयत्न मात्र होइन । यो पवित्र आत्माले ख्रीष्टमा हामीलाई परिपक्वतामा वृद्धि गराउँदै लैजानुहुने साधन पनि हो भनी हामी बुझ्नेछौं । चेलापनबाट नै हामी क्रिश्चियन स्वभाव (चरित्र) का मानिसहरू बन्छौं । चेलापनको अन्तिम लक्ष्य येशू ख्रीष्टको स्वरूपमा परिवर्तन हुनु हो (२ कोरिन्थी ३:१८) ।

धर्मशास्त्रमाथि अध्ययन र ध्यान गरेर क्रिश्चियनहरूले आ-आफ्नो चेलापनको यात्रामा प्रत्येक मरुभूमि हुँदो जाँदा ताजगीका मूलहरू भेट्टाउने छन् । वचनले धोएर, स्फूर्ति प्राप्त गरेर, वचनमा डुबेर शुद्ध भई वचनका सत्यहरू पिएर चेलाहरू सुखद आश्चर्यमा उनीहरू मन नयाँ भई आफू परिवर्तित" भइरहेको पत्ता लगाउँछन् (रोमी १२:२) । तिनका सामु एउटा खुल्ला र

फराकिलो सढक भएजस्तै क्रिश्चियन उपायले तिनीहरूको लागि बाटो खोल्दछ । परमेश्वरबाट साहस पाएर मानव र सांस्कृतिक मान्यताहरूले ग्रहण लागेको जीवनको मार्गमा तिनीहरू अगाडि बढ्छन् । वचनको मूलबाट ताजगी पाएर चेलाहरू आत्मिक वृद्धिको सेवामा आफ्नो जीवन अर्पण गर्छन् ।

हामी खीष्टका चेलाहरूका रूपमा मानिसहरूलाई तालीम दिनमा उत्कृष्ट धर्मशास्त्रीय साधनाहरूको जीवन प्रदायिनी महत्वको समर्थन गर्छौं । प्रार्थना र उपवास, आराधना, अध्ययन, सेवा र सादापनका साधनाहरू विश्वासीका जीवनमा एकै समयमा स्वभाविक अभिव्यक्तिहरू र ज्ञानकृत प्रतिबद्धताहरू हुन् । चेलापनमा पारस्परिक सहयोग र प्रेममय उत्तरदायित्वको आवश्यकता हुन्छ । हामी मध्ये थोरैले मात्र हाम्रा आफ्नै बलमा क्रिश्चियन परिपक्वतामा डोऱ्याउने आत्मिक अनुशासन विकसित गर्न सक्छौं । हामी विश्वास गर्छौं, विदाको दिनमा आयोजना गरिने कक्षाहरू, चेलापनका झुण्डहरू, बाइबलीय अध्ययन झुण्डहरू, प्रार्थना सभाहरू, उत्तरदायी झुण्डहरू र हाम्रो आत्मिक निर्माण र परिपक्वताको लागि आवश्वक हुने क्रिश्चियन परामर्श जस्ता साधनहरूद्वारा दिने पारस्परिक सहयोगलाई हामीले प्रेरित गर्नुपर्दछ । वेस्लीयन पाठ्यक्रमका सभाहरूमा उत्तरदायित्वको भूमिकालाई पहिचान गर्दा समकालीन क्रिश्चियन सभामा आफ्नो स्थानलाई समर्थन गर्न त्यसले हामीलाई प्रोत्साहन दिन्छ ।

## ३. घ. क्रिश्चियन उच्च शिक्षाको हाम्रो सेवकाई

क्रिश्चियन सेवाको जीवन जिउन हामीहरूलाई सुसज्जित पार्ने क्रिश्चियन शिक्षाको निम्ति हामी कटिबद्ध छौं । हाम्रा सेमिनरीहरू, बाइबल कलेजहरू, अन्य कलेजहरू र विश्वविद्यालयहरूमा ज्ञान र क्रिश्चियन स्वभावको वृद्धि गर्ने कार्य तथा मण्डली र संसारमा सेवा सम्बन्धी परमेश्वरको उच्च बोलावट पूरा गर्न अगुवाहरूलाई सुसज्जित पार्ने काममा हामी प्रतिबद्ध छौं ।

क्रिश्चियन उच्च शिक्षा नाजरिन मण्डलीको सेवकाईको केन्द्रविन्दु हो । नाजरिन मण्डलीको प्रारम्भिक वर्षहरूमा वेस्लीयन पवित्रता जागृतिको विश्वव्यापी विस्तारमा चाहिने आवश्यक अगुवाई र क्रिश्चियन सेवाको निम्ति परमेश्वरका जनहरूको तयारी गर्ने उद्देश्यले क्रिश्चियन उच्च शिक्षाका संस्थाहरू स्थापित र संगठित गरिएका थिए । क्रिश्चियन उच्च शिक्षाप्रतिको हाम्रो अहोरात्रको वर्षौंदेखिको प्रतिबद्धताले सेमिनरीहरू, बाइबल स्कूल, कलेज र विश्वविद्यालयहरूको विश्वव्यापी सञ्जाल खडा गरेको छ ।

परमेश्वरका प्रजा हुनुको अर्थ जे हो त्यसबाट सोझै क्रिश्चियन उच्च शिक्षाको हाम्रो सेवकाई आउँछ । हामीले हाम्रो सारा "हृदय, प्राण र समझ" ले परमेश्वरलाई प्रेम गर्नुपर्दछ । यसकारण, हामी हाम्रा विचारहरू, हाम्रा शैक्षिक स्रोतहरू र हाम्रो ज्ञानको प्रयोगमा असल भण्डारे हुनुपर्दछ । यस ज्योतिमा, हामी हाम्रो क्रिश्चियन विश्वासको अखण्डताकासाथ ज्ञान र सत्यको खुला र इमान्दार खोजीमा प्रतिबद्ध छौं । हाम्रो मनको भण्डारेपनको विकासको निम्ति क्रिश्चियन उच्च शिक्षा एउटा अनिवार्य क्षेत्र हो । यो परमेश्वर र उहाँको सृष्टिका बारेमा सत्य र ज्ञानको छलफल र खोजद्वारा विशेषता प्राप्त क्षेत्र हुनुपर्दछ ।

क्रिश्चियन उच्च शिक्षामा विश्वास खण्डित अंश होइन तर ज्ञानसँग यो अपूर्व ढंगले उनिएको हुन्छ । किनकि विश्वास र ज्ञान एकैसाथ वृद्धि हुन्छन् । प्रत्येक सोचविचारको क्षेत्र र जीवनमा परमेश्वरको इच्छा र योजनाबारे ज्ञातसित पूर्ण मानिस विकसित हुन्छ । परमेश्वर मानवीय स्वभाव र संसारको शिक्षाको सन्दर्भमा, मण्डली र संसारमा सेवा गर्न क्रिश्चियन स्वभाव र क्रिश्चियन अगुवाहरूको तयारी सुसज्जित पारिएको हुन्छ । पूर्ण मानिसको निर्माणमा क्रिश्चियन उच्च शिक्षाको यो प्रतिबद्धता मण्डली र संसारमा नेतृत्वको निम्ति क्रिश्चियन विश्वासीहरूको विकासमा महत्वपूर्ण हुन्छ ।

खीष्टभैंm हुन बोलाइएका उद्धार प्राप्त मानिसहरू र संसारमा परमेश्वरको प्रेमको दूतहरूभैंm पठाइएकाहरूका रूपमा हामी मानिसहरूलाई उद्धार गर्ने काममा परमेश्वरसँग सहभागी हुन्छौं । क्रिश्चियन उच्च शिक्षाले हामीलाई यस्ता सेवकहरू हुनमा महत्वपूर्ण योगदान पु¥याउँछ । फेरि यो हाम्रा विविध पेशाहरूमा परमेश्वरको प्रभावकारी सेवाको लागि आवश्यक हुन्छ । परमेश्वरको उद्धारको काममा हाम्रो भरपर्दो संलग्नताको निम्ति मण्डली र संसारमा क्रिश्चियन सेवक अगुवाहरूका रूपमा आ-आफ्नो स्थान ओगट्न सक्ने परमेश्वरका मानिसहरूलाई हामी उठाउँछौं ।

हामीलाई सेवा गर्न बोलाइएको संसार दिन प्रतिदिन साँघुरिदै र झन्झन् जटिल हुँदै गइरहेको छ । परमेश्वरको उद्धारको काम वर्तमान र भावी पुस्ताहरूमा फैलिन्छ । यसकारण खीष्टको प्रभुत्वको हाम्रो विश्वसनीय साक्षी र मण्डली निर्माणमा परमेश्वरसित प्रभावकारी सहभागिताको लागि हामीले क्रिश्चियन उच्च शिक्षाप्रति अत्यधिक प्रतिबद्धता  जाहेर गर्नु आवश्यक हुन्छ ।

## निष्कर्ष

बीसौं शताब्दीको उषाकालमा नाजरिन मण्डली जन्मेको थियो । पी.एफ. ब्रेसी र अरूहरू गहनरूपमा विश्वस्त थिए, वेस्लीयन पवित्रताको परम्परामा येशूको सुसमाचार मण्डली र संसारमा घोषणा गर्ने निश्चित उद्देश्यले परमेश्वरले उनीहरूलाई पुनर्जीवित गर्नुभएको थियो । यस सम्प्रदायमा सुस्पष्ट ईश्वरीय चिन्हहरू छन् । भर्खरै पखेटा लागेको अवस्थाबाट नाजरिन मण्डली अहिले आफ्नो सदस्य संख्यामा तेह्र लाख भन्दा बढी छ र संसारका एक सय पैंतीस देशहरूमा सेवकाई गरिरहेको छ ।

एक्काइसौं शताब्दीको उदयमा यस सम्प्रदायको भविष्य पहिले भन्दा झन् चम्किलो भएको छ । धेरै विश्वास गर्छन्, हामी बीसौं शताब्दीको लागि नभएर एक्काइसौं शताब्दीको लागि उठाइएका थियौं । हामी हाम्रो आधुनिक संसारमा प्रमुख योगदान पु¥याउने स्थानमा राखिएका छौं । यो किटान अनुग्रहको आफ्नो पूर्ण आशासहित हाम्रो वेस्लीयन पवित्रताको पैतृक सम्पतिमा आधारित छ । हामी विश्वास गर्छौं, मानव स्वभाव र अन्ततोगत्व समाज नै परमेश्वरको अनुग्रहबाट आमूल र स्थायी रूपमा परिवर्तन गर्न सकिन्छ । हाम्रा पवित्र परमेश्वरको हृदयबाट बगि आउने आशाको यस सन्देशमा हाम्रो अदम्य विश्वास छ ।

श्री पी.एफ. ब्रेसी “सूर्य एकाबिहानै कहिल्यै अस्ताउँदैन” भन्न मन पराउँथे । नाजरिनको मण्डलीमा अझै उषाकाल छ । संसारभरि हाम्रो सम्प्रदायमा सूर्य कहिल्यै अस्ताउँदैन । हामी हाम्रो एक्काइसौं शताब्दीको संसारमा पवित्रताको सन्देशद्वारा प्रभाव पार्ने कार्यमा पूर्ण आशावादी छौं । दर्शनको स्पष्टता, पूर्ण प्रतिबद्धता र दृढ विश्वासले हामी यस नयाँ शताब्दीलाई संसारका सारा जातिहरूलाई ख्रीष्टकै स्वरूपमा चेलाहरू बनाउने ठूलो मौकाको हाम्रो दिन भनेर हेर्छौं ।